का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ चैत २०८०,
शुक्रबार
22 March 2024,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ३८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# बीआरआईमा बाँडिए दलहरू

**कांग्रेससँगको गठबन्धन भत्काएर एमाले, रास्वपासहितकै गठबन्धनमा फर्किएका प्रधानमन्त्री प्रचण्ड चीनसँग बीआरआई सम्झौता गर्न चाहन्छन् । तर कांग्रेस, लोसपालगायत दलहरु बीआरआई जसरी पनि रोक्ने लविइङमा लागेका छन् ।**

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ८ चैत ।

माओवादी केन्द्रसँगको सत्ता समीकरण टुटेपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले यही फागुन २३ गते लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी (नाउपा) लगायतसँग छलफल गरे ।

उत्तरी छिमेक चीनको महत्वकांक्षी परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) अघि बढाउने वा नबढाउने भन्ने विवादले गठबन्धन भत्किएको निष्कर्ष सुनाउँदै देउवाले लोकतान्त्रिक शक्ति मिल्न आवश्यक रहेको भनी सहकार्यको प्रस्ताव गरेका थिए ।

बीआरआई अगाडि बढे भूराजनीतिक रुपमा नेपाल थप अप्ठ्यारोमा पर्न सक्ने भन्दै देउवाले वैकल्पिक गठबन्धनको आधार बनाउँदै जानुपर्ने र बीआरआई अगाडि बढ्न नदिन सबै लोकतान्त्रिक शक्तिहरूलाई एक ठाउँमा रहनुपर्ने ब्रिफिङ गरेका थिए ।

कांग्रेसको नेतृत्वले नै नेपाल र चीनबिच भएको बीआरआई सम्झौता नेपालको हितमा नभएको भनी राजनीतिक संवाद गरिरहेका बेला बिहीबार लोसपाले बीआरआई सम्झौता नेपालको हितमा नभएको निष्कर्ष नै सार्वजनिक गरेको छ ।

महोत्तरीमा दुई दिनसम्म चलेको केन्द्रीय समितिको निर्णय बिहीबार सार्वजनिक गर्दै लोसपाका अध्यक्ष महन्थ ठाकुरले बीआरआई सम्झौता नेपालको हितमा नभएको पार्टीको ठहर रहेको बताएका हुन् । बीआरआई सम्झौता उचित नरहेको भनी जनतामा जागरण जगाउने पनि लोसपाको निर्णय छ ।

लोसपाको यस्तो निर्णय उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको चीन भ्रमणको सम्मुखमा आएको छ । यसको राजनीतिक अर्थ रहेको नेताहरु बताउँछन् । परराष्ट्रमन्त्री श्रेष्ठ यही चैत ११ गतेदेखि चीन भ्रमण गर्दैछन् ।

चीनले अगाडि बढाएको बीआरआई परियोजनामा नेपाल समावेश भए पनि यसको कार्यान्वयन सम्झौता हुन सकेको छैन । यसअघि नेपालले बीआरआई अन्तर्गत नौवटा परियोजना राख्ने प्रस्ताव चीनसमक्ष गरेको थियो । तर यस सम्बन्धमा ठोस् प्रगति भएको छैन । परराष्ट्रमन्त्री भएपछि विभिन्न देशका राजदूतहरूसँग भेटवार्ता गरिरहेका छन् । राजनीतिक दलहरुबीच सहमतिबाटै बीआरआईलगायत भूराजनीति जोडिएका परियोजना अगाडि बढाउन सहज हुने मन्त्री श्रेष्ठको बुझाइ रहेको नेताहरु बताउँछन् ।

परराष्ट्रमन्त्री श्रेष्ठ चैत ११ गते ग्वान्झाओ हुँदै बेइजिङ पुग्ने कार्यतालिका छ । बेइजिङमा १३ गते चीनका विदेशमन्त्री वाङ यीसँग दुई पक्षीय वार्ताको क्रममा नेपाल-चीनबीच बीआरआई सम्झौता हुन सक्ने कतिपयको आंकलन छ । तर यस सम्बन्धमा नेपाल सरकारले औपचारिक निर्णय गरेको सार्वजनिक भएको छैन ।

नेताहरुका अनुसार कांग्रेससँगको गठबन्धन भत्काएर एमाले, रास्वपासँग फेरि गठबन्धन गरेका प्रधानमन्त्री प्रचण्ड चीनसँग बीआरआई सम्झौता गर्न चाहन्छन् । प्रधानमन्त्रीले त्यही अनुसार तयारी गर्न भनेपछि केही दिनअघि नै बीआरआई कार्यान्वयन सम्झौताको मस्यौदा चीनका राजदूतलाई दिइएको छ । तथापि परराष्ट्रमन्त्री श्रेष्ठको चीन भ्रमणका क्रममा बेइजिङमा यो सम्झौता हुने टुंगो भने लागेको छैन ।

यहीबेला कांग्रेस, लोसपा लगायतका राजनीतिक दलले प्रधानमन्त्रीमाथि दबाब बढाएका छन् । एमाले, माओवादी र एकीकृत समाजवादीका नेताहरु भने बीआरआई अगाडि बढाउनुपर्ने लविइङमा छन् ।

# तस्करको आतंकले आजित राजगढ

खुला सिमानाको फाइदा उठाएर खुलेआम भइरहेको तस्करीबारे स्थानीय प्रशासनले आवश्यक कदम नचाल्दा स्थानीयवासी आतंकित र आजित बनेका छन् ।

**पिन्टु यादव / मध्यान्ह**
सप्तरी, ८ चैत ।



*तस्करले प्रयोग गर्ने चोरबाटो ।*

नेपाल-भारत बीच रहेको खुला सीमानाको फाइदा उठाएर तस्करी हुनु नौलो कुरा होइन । खुला नाकाको प्रयोग गरी भइरहेको तस्करी रोक्न स्थानीय प्रशासनले कडाइ गर्ने गरेको समाचार पनि आइरहेकै हुन्छ ।

तर पछिल्लो समय प्रहरी प्रशासनकै संरक्षणमा राजगढ गाउँपालिकास्थित सीमावर्ती नाकाहरुमा तस्करी बढेको स्थानीयले गुनासो गरेका छन् । राजगढ-२ को झौहुराचौकदेखि कमलपुर, बनैनिया लगायत भएर तस्करी मौलाएको स्थानीय बताउँछन् ।

स्रोतअनुसार बनैनिया हुँदै बरदाहीको बाटो भएर भारतको भरफोरीसम्म तस्करी गर्न मजदुर प्रयोग हुने गरेको छ । तस्करीमा संलग्न एक मजदुरका अनुसार, एक रात ओसार पसार बापत करिब १५ सयदेखि २५ सय भारतीय रुपैयाँ मजदुरहरुलाई दिइने गरेको छ ।

झौहुराचोंक हुँदै कमलपुरदेखि करिब पाँच सय मिटरको दुरीमा रहेको दशगजा क्षेत्रसम्म पुऱ्याउन तीन सय जना मजदुर परिचालित रहेको ती स्रोत बताउँछन् ।

कमलपुरदेखि भारतको करियौत, सुब्बा टोल, छातापुर तथा बनैनिया टोल हुँदै बरदाहीबाट भारतको भरफोरीसम्म तस्करीका समान पुऱ्याइने गरेको छ । यसरी तस्करी गर्न सीमानामा रहेका प्रहरी चौकी र सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्टलाई घुस दिइने गरेको पनि स्रोत बताउँछ ।

प्रशासनको संरक्षण र मजदुरको प्रयोग गरेर अवैध गाँजा, मदिरा, अलैंची र सुपारी तथा भारतबाट रजनी गंधा, लागुऔषध, लत्ताकपडा र उपभोग्य बस्तु आउने गर्छ । तस्करहरुको बिगबिगीले सडक दुर्घटना, होहल्ला, अनैतिक क्रियाकलाप, चोरी, कुटपिट, झैझगडा लगायत गतिविधि बढेकोमा स्थानीय चिन्तित छन् । 'स्थानीय सरकारदेखि माथिल्लो तहसम्मका प्रशासनिक निकायहरुको मिलोमतोमा तस्करी भइरहेको छ' राजगढ गाउँपालिका-२ कमलपुरका रघुनन्दन यादवले भने, 'तस्कर हरुले प्रयोग गरिरहेको यहाँको बाटो रातभर व्यस्त रहेका कारण स्थानीय घरबाट निस्कन सकिरहेको छैन । तस्करीका सामान ओसारपसार गर्न तीव्र गतिमा प्रयोग गर्ने सवारी साधनले गाउलेहरु त्रसित छन् ।'

तस्करी बढेको बारेमा पटकपटक मौखिक जानकारी गराउँदै आएका राजगढ गाउँपालिका-२ का वडा अध्यक्ष जितेन्द्र यादवले बताए । उनका अनुसार, गत १३ फागुनमा लिखित उजुरी समेत दिइएको छ । खुला सिमानाको दुरुपयोग तथा तस्करीका सामग्री ओसारपसारलाई नियन्त्रण र न्यूनिकरण गर्न वडा कार्यालय सक्रिय रहेको वडा अध्यक्ष यादव बताउँछन् । स्थानीयका अनुसार, तस्करीमा संलग्न तस्करसँग दोहोरो नागरिकता हुनेगर्छ ।

## वैदेशिक रोजगार विशेष

# श्रम स्वीकृति प्रक्रियालाई व्यवस्थित बनाउन मन्त्री अर्यालको निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले श्रम स्वीकृतिको प्रक्रियालाई व्यवस्थित बनाउन निर्देशन दिएका छन् । बिहीबार साँझ वैदेशिक रोजगार विभाग ताहाचलको अनुगमन गर्न पुगेका मन्त्री अर्यालले श्रम स्वीकृतिको प्रक्रियाका विषयमा कर्मचारीसँग जानकारी लिइ विभिन्न निर्देशन दिएको मन्त्री अर्यालको निजी सचिवालयले बताएको छ ।

श्रममन्त्री अर्यालले श्रम स्वीकृति प्रक्रियालाई सहज र सरल बनाइ सेवाग्राहीलाई झन्झटमुक्त बनाउनुपर्ने बताए । मन्त्री अर्यालको निर्देशनपछि २० वटा कम्प्युटर अपडेट गरी कर्मचारीलाई तीन वटा सिफ्टमा काम गर्न लगाइएको छ ।

त्यस्तै श्रम स्वीकृतिको प्रक्रियालाई सहज बनाउन पुनः श्रम स्वीकृतिलाई एउटै तहले स्वीकृत गर्ने व्यवस्था मिलाउने मन्त्रालयले तयारी गरेको छ । हालको व्यवस्थाअनुसार संस्थागत श्रम स्वीकृतिका लागि १५ जना कर्मचारीले कागजपत्र प्रमाणीकरण गर्ने र सात जना कर्मचारीले स्वीकृत प्रदान गर्ने व्यवस्था छ । त्यस्तै व्यक्तिगत श्रम स्वीकृतितर्फ १५ जनाले कागजपत्र प्रमाणीकरण गर्ने र सात जना कर्मचारीले प्रमाणीकरण गर्ने व्यवस्था छ । तर अबदेखि व्यक्तिगत श्रम स्वीकृतितर्फ २२ जना कर्मचारीले नै श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाउने मन्त्रालयको तयारी छ । त्यस्तै प्रत्येक कर्मचारीलाई श्रम स्वीकृतिका लागि निश्चित »» पृष्ठ २ मा

## लोकतान्त्रिकमा चुनावी जोड घटाउ शुरु

**काठमाडौं / मस-** नेपाली कांग्रेस निकट वैदेशिक रोजगार व्यवसायीहरुको संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको नयाँ नेतृत्वका लागि चहलपहल शुरू भएको छ । एशोसिएसनको २०७८ साल वैशाख ७ गते भएको साधारण सभाले निर्वाचित गरेको नेतृत्वको दुई वर्षे कार्यकाल अर्को निर्णय नभएको अवस्थामा आगामी वैशाख ६ गते सकिँदै छ ।

एशोसिएसनको कार्यसमितिको बैठकले निर्वाचनका लागि निर्णय गरिसकेको छैन । तर भित्र-भित्रै आ-आफ्ना गुटमा छलफल र तयारी भइरहेको बताएइको छ । नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको एशोसिएसनबाट पार्टीको महाधिवेशनमा तीन जना व्यवसायीको प्रतिनिधित्व हुने भएकाले कार्यसमिति र नेतृत्वमा जान चाहनेको चासो बढेको बताइन्छ । »» पृष्ठ २ मा

## अमृतसारमा आश्रृत रिटर्नीलाई नेवाः समाजको सहयोग



**काठमाडौं / मस-** वैदेशिक रोजगार व्यवसायी नेवाः समाजले वैदेशिक रोजगारको क्रममा अलपत्र भइ उद्धार गरिएका महिलाहरूलाई आश्रय दिएको अमृतसार सामाजिक सस्थालाई आर्थिक सहयोग गरेको छ । राजधानीको महाराजगञ्ज चक्रपथमा रहेको उक्त सामाजिक सस्थामा बिहीबार आयोजित »» पृष्ठ २ मा






# ‘अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताप्रति मन्त्रालय प्रतिबद्ध’

**काठमाडौं/मस-** गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारीहरुका लागि दिएको निर्देशनको परिपत्रको मस्यौदाबाट दुई वटा बुँदा हटाएर परिपत्र गरिएको जनाएको छ।

मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै परिपत्रको मस्यौदामा उल्लेखित शान्ति सुरक्षा तथा अपराध नियन्त्रण र सामाजिक सञ्जालसँग सम्बन्धित दुई बुँदा हटाइ बिहीबार नै परिपत्र गरिएको स्पष्ट पारेको छ।




परिपत्रको मस्यौदामा उल्लेखित दुई वटा बुँदामा आम सञ्चारकर्मी तथा सम्वद्ध पक्षले चासो देखाएको भन्दै ती बुँदा हटाइएको मन्त्रालयको भनाइ छ।

‘यही चैत ६ गते तयार परिपत्रको मस्यौदा सञ्चारमाध्यममा प्रकाशित भएको र सो मस्यौदाको बुँदा नं १.३ र २.१ मा उल्लेख भएको विषयमा आम सञ्चारकर्मी तथा सम्वद्ध पक्षले व्यक्त गर्नुभएको चासो तथा सरोकार प्रति मन्त्रालयको ध्यानाकर्षण भएको छ’, मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ। मन्त्रालयले यही चैत्र ६ गते भने मन्त्रालयबाट यससम्बन्धी परिपत्र नभएको उल्लेख गरेको छ।

‘सञ्चारमाध्यममा प्रकाशित सरोकारलाई समेत मध्यनजर गरी मस्यौदामा उल्लेख भएका उक्त बुँदाहरु हटाई अन्य विषयहरु मात्र समावेश गरी चैत्र ८ गते परिपत्र गरिएको छ’, विज्ञप्तिमा भनिएको छ।

विज्ञप्तिमा संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको अधिकारप्रति मन्त्रालय सदैव सचेत रहेको र यसको पूर्ण पालनाप्रति मन्त्रालय प्रतिबद्ध रहेको उल्लेख छ।

# श्रम सचिव भण्डारीको राजीनामा स्वीकृत

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवल प्रसाद भण्डारीले स्वेच्छिक अवकाशका लागि दिएको राजीनामा मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ। चैत ११ गते ५८ वर्षे उमेर हदको अनिवार्य अवकाश लिन थालेका सचिव भण्डारीले



त्यसअघि नै स्वच्छिक अवकाशका लागि राजीनामा दिएका हुन्।

निजामती ऐनमा सचिवले स्वच्छिक राजीनामा गरेको अवस्थामा नियमित सेवा भन्दा दुई पर्ष बढी सेवा गरेको मानि निवृत्तिभरण (पेन्सन) दिइने प्रावधान छ। उक्त सुविधाका लागि सचिवहरूले तोकिएको मिति अगाडि नै स्वच्छिक अवकाशका लागि राजीनामा दिने चलन नै भएको जानकारहरु बताउँछन्। सचिव भण्डारीको स्वच्छिक राजीनामा दिएपनि मन्त्रिपरिषद्ले मन्त्रालयमा नयाँ सचिव खटाउने निर्णय गरिसकेको छैन।

# शितगंगा नगरपालिका सुशासनमैत्री पालिका हो: प्रमुख पौडेल

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ८ चैत

शितगंगा नगरपालिका अर्घाखाँचीको २०८०/२०८१ मा भएका योजनाहरुको दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ तथा एकीकृत घुम्ती शिविर सम्पन्न भएको छ।




सार्वजनिक सुनुवाइ तथा घुम्ती शिविर कार्यक्रममा नगर स्थित विषयगत शाखाका प्रमुखहरु तथा वडा अध्यक्षहरुले वार्षिक रूपमा सञ्चालन भएका योजना आयोजना, कार्यक्रम तथा भौतिक र आर्थिक प्रगति प्रस्तुत गर्दै समग्र नगरपालिकाको विकासबारे वडा तहको संरचनाबारे जानकारी गराएको नगर प्रवक्ता दामोदर न्यौपानेले जानकारी दिए।

नगरपालिकाको भौतिक प्रगति ४० प्रतिशत र आर्थिक प्रगति ३८ प्रतिशत भएको योजना शाखाका प्रमुख नुमलाल खनालले जानकारी दिए। नगरपालिकाभित्र २ सय ५३ वटा योजनाहरु सम्झौता भएकोमा १ सय २० वटा योजनाको भुक्तानी फरफारक भएको खनालले जानकारी गराए। कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख छविलाल पौडेलले जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी जनताले देख्ने गरी विकास निमार्णका कामलाई अगाडि बढाउन सबैले सहयोग गर्नुपर्ने बताए।

पौडेलले नगरको दिगो विकास र समृद्धिका लागि कृषि र पर्यटन शिक्षा स्वास्थ्यलाई केन्द्र भागमा राखेर काम गर्ने भन्दै भौगोलिक रुपमा सबैभन्दा ठूलो नगरपालिका भनेपनि बजेट निकै कम आउँदा विकासका काम गर्न नसकिएको बताए। नगरप्रमुख पौडेलले शितगंगा नगरपालिका सुशासन मैत्री नगरपालिका भएको बताउँदै सबै सरोकारवाला पक्ष एक भएर विकास निर्माणमा सहयोग गर्न अनुरोध गरे।

सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ दिँदै प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले सबै सरोकारवालाहरूले सहयोग गरेमात्र नगरपालिकाले विकासलाई तीव्रता दिनसक्ने बताउँदै भूगोल ठूलो बजेट कम हुँदा विकासका योजनाहरु भनेजति अगाडि बढ्न नसकेको बताए।

सार्वजनिक सुनुवाइ एकीकृत घुम्ती शिविरमा नगरपालिकाका वडा नम्बर १४ का अध्यक्ष तथा नगरप्रवक्ता दामोदर न्यौपाने नगरपालिकाबाट विनियोजित बजेट वडाबाट सबै काम सम्पन्न गरी भुक्तानी समेत लिएर काम अगाडि बढाएको बताए। कार्यक्रममा पत्रकार नवीन केसि अराज बेल्वासेले सार्वजनिक सुनुवाइको सहजीकरण गरेका थिए।

# गेरुवा गाउँपालिकाद्वारा अपाङ्गता परिचय पत्र वितरण

**बर्दिया/मस-** गेरुवा गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गरेको छ। अपाङ्गता अधिकार ऐन २०७४ अनुसार सबै स्थानीय तहलाई अपाङ्गता परिचयपत्र वितरण गर्न दिएको अधिकार अन्तर्गत गाउँपालिकाले परिचयपत्र वितरण गरेको हो।

गेरुवा गाउँपालिकाको स्थानीय अपाङ्गता परिचयपत्र वितरण कार्यविधि २०७६ को मापदण्ड अनुसार उपाध्यक्ष लक्ष्मी कुमारी चौधरीको संयोजकत्वमा गठित १२ सदस्यीय अपाङ्गता परिचय पत्र वितरण समन्वय समितिले गरेको निर्णयका



आधारमा अपाङ्गता भएकाहरुको स्तर र गम्भीरता पहिचान गरी परिचयपत्र वितरण गरिएको प्रमुख प्रशासकिय अधिकृत नरबहादुर चन्दले बताए।

गाउँपालिकाका ५ वटै वडाका १९ जनालाई परिचय पत्र वितरण गरिने महिला बालबालिका तथा समाज कल्याण उपशाखा प्रमुख रमा पुन मगरले बताइन्। उनका अनुसार ‘घ’ वर्गमा २ जना महिला र २ जना पुरुषलाई गरी ४ जनालाई तथा ‘ग’ वर्गमा ५ जना महिला र ३ जना पुरुषलाई गरी ८ जनालाई एवम ‘ख’ वर्गमा २ जना महिला र ४ जना पुरुषलाई गरी ६ जनालाई परिचय पत्र वितरण गरिएको छ। त्यसैगरी ‘क’ वर्गमा परकी वडा नं. २ भैरमपुरकी शिलरानी थरुनीलाई बुधबार घरमै गएर परिचयपत्र प्रदान गरेको उनले बताइन्।

अपाङ्ग भएका व्यक्तिले आफ्नो हक अधिकार सुनिश्चत गर्न परिचय पत्र वितरण गरिएको उपाध्यक्ष लक्ष्मी कुमारी चौधरीले बताइन्।

## श्रम...

कोटा तोकिने, बिदाको दिनमा पनि श्रम स्वीकृति प्रदान गर्ने, श्रम स्वीकृतिका लागि तोकिएको कोटा हटाइने मन्त्रालयको तयारी रहेको मन्त्री अर्यालले बताएका छन्।

बिहान ९ बजेदेखि १ बजेको समयमा धेरै जनाले फेमिसको प्रयोग गर्ने हुँदा सर्भर सुस्त हुने भएकाले केही दिनका लागि सो अवधिमा टोकन वितरण नगरी दिउँसो १ बजेदेखि मात्रै टोकन वितरण गर्ने व्यवस्था गर्ने तयारी रहेको मन्त्री अर्यालको निजी सचिवालयले जनाएको छ।

पुनः श्रम स्वीकृतिका लागि हाल दैनिक एक हजार ५ सयदेखि दुई हजार र एक हजार जनाले नयाँ श्रम स्वीकृतिका लागि आवेदन दिने गरेका छन्। कार्यालयले पनि सोही अनुपातमा दैनिक श्रम स्वीकृति प्रदान गर्दै आएको छ।

कागजपत्र नपुगेका श्रमिकको हकमा भने तीन दिनभित्र थप कागजपत्र बुझाएको अवस्थामा सोही टोकनलाई मान्यता दिइँदै आएको छ भने तीन दिनभित्र कागजपत्र नबुझाएकाले नयाँ टोकन लिनुपर्ने व्यवस्था गरिएको छ।

## लोकतान्त्रिकमा...

एशोसिएसनको विधानअनुसार अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सदस्यहरुसहित २१ सदस्यीय कार्यसमिति रहने भएपनि १७ जनाको निर्वाचन हुनेछ। ४ जना कार्यसमिति सदस्य निर्वाचित अध्यक्षले मनोनयन गर्ने व्यवस्था रहेको छ।

साधारण सभाको समय नजिकिएसँगै एशोसिएसनमा नेतृत्वका आकांक्षीहरु सक्रिय भएका छन्। अध्यक्षका लागि तारानाथ अर्याल, भवानी निरौला, कमल काफ्ले र भुवनसिंह गुरूङले इच्छा व्यक्त गरेको बताइएको छ। कार्यसमितिको बैठक बसेर साधारण सभा र निर्वाचनको मिति तोकिएपछि यसपटक अध्यक्ष तथा पदाधिकारीका लागि भित्री तयारी गरेर बसेका केही नयाँ अनुहार पनि चुनावी मैदानमा आउने एशोसिएसनमा आवद्ध एक वरिष्ठ व्यवसायी बताउँछन्।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गत निर्वाचनमा पराजित भएपनि एशोसिएसनले आफूलाई सबैभन्दा धेरै व्यवसायी सदस्य रहेको संस्था भएको दाबी गर्दै आएको छ। अघिल्लो पटक ३ सय २६ जनाले सदस्यता नवीकरण गराएकामध्ये नेतृत्वको निर्वाचनमा २ सय ६७ जनाले मतदानमा भाग लिएका थिए। अघिल्लो निर्वाचनमा अध्यक्षमा कुमुद खनालसहित वरिष्ठ उपाध्यक्षमा भगीरथ राई, द्वितीय उपाध्यक्षमा विनोदजंग केसी, तृतीय उपाध्यक्षमा दीपक थापा, महासचिवमा कमल काफ्ले, सचिवमा लक्ष्मण पौडेल, सह-सचिवमा हर्क लिम्बू, कोषाध्यक्षमा कैलाश कार्की र सहकोषाध्यक्षमा जफरूद्दिन मियाँ विजयी भएका थिए।

यस्तै कार्यसमिति सदस्यमा कैलाश पाठक, पंकज कुमार मिश्रा, प्रदीप थापा, मदन पुरी, यमकुमार क्षेत्री केसी, रविन मेगाले मगर, राम बहादुर लामा तामाङ, सुनिता कर्माचार्य, सुनिता श्रेष्ठ र हिरा बुढाथोकी निर्वाचित भएका थिए। उनीहरूमध्ये धेरैले स्वत: माथिल्लो पदमा जान चाहेको समाचार स्रोतको भनाइ छ।

यसअघि एशोसिएसन नेतृत्वमा प्रतिस्पर्धा गरेका कतिपय व्यवसायी नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गत निर्वाचनमा उम्मेदवार भएकाले उनीहरूले अर्को कार्यकालसम्म पर्खिनु पर्ने मापदण्ड बनाउनुपर्ने तर्क कतिपय व्यवसायीको छ भने कतिपय व्यवसायीले एशोसिएसन व्यावसायिकसँगै पार्टीको शुभेच्छुक संस्था भएकाले पार्टीमा क्रियाशील सदस्यको ज्येष्ठताका आधारमा एशोसिएसनको आगामी निर्वाचनका लागि उम्मेदवारको मापदण्ड बनाउनुपर्ने धारणा राख्ने गरेको बताइन्छ।

## अमृतसारमा...

एक सक्षिप्त कार्यक्रममा समाजका अध्यक्ष किशन प्रधान तथा महासचिव देवेन्द्र नारायण श्रेष्ठले उक्त संस्थाकी अध्यक्ष मूना गौतमलाई ५० हजार रूपैयाँको चेक हस्तान्तरण गरे। उक्त संस्थामा भिजिट भिसा लगायतका भिसामा बिदेश लगेर जवरजस्ती घरेलु कामदारको रूपमा लगाई अलपत्र पारिएको अवस्थामा उद्वार गरि नेपाल फर्काईएका महिलाहरूलाई आश्रयका अतिरिक्त मनोसामाजिक परामर्श दिने गरिएको छ। गैर नाफामुलक सामाजिक कार्यगर्ने उदेश्यले दर्ता भएको उक्त संस्थाले अघिल्ला दुई बर्षमा गरि विदेशबाट खालीहात अलपत्र अवस्थामा फर्काईएका ६ सय ८ जनालाई सेल्टर दिएको बताएको छ।

उक्त संस्थाले नेपाल सरकारले घरेलु कामदारको रूपमा जान श्रम स्वीकृति प्रतिवन्ध लगाएको खाडी मुलुकमध्ये कुवेत, ओमान, यूएई, साउदी अरेबिया,कतार इराक, बंगलादेश, साईप्रस, लेवनान, मलेसिया आदि मुलुकबाट अलपत्र परेर फर्काइएका पीडित महिलाहरुलाई सेल्टर दिइरहेको अध्यक्ष गौतमले जानकारी दिइन्। त्यसमध्ये उक्त संस्थामा कुवेतबाट अलपत्र अवस्थामा फर्केका धेरै रहेका छन्। आर्थिक रूपमा कठिनाईको अवस्थामा रहेको आफ्नो संस्थालाई सहयोग गरेर सह्रानीय कार्य रहेको भन्दै अध्यक्ष गौतमले नेवाः समाजप्रति धन्यवाद साथ आभार प्रकट गरिन्।

समाजका अध्यक्ष प्रधानले उक्त संस्थामा अलपत्र अवस्थामा उद्धार गरिएकी आस्था परियारलगायत आर्थिक समस्यामा रहेको जानकारी पाएपछि व्यवसायी संस्थाका सामाजिक उत्तरदायित्वको जिम्मेवारी अन्तरगत सहयोग प्रदान गरिएको बताए। जसलाई अति जरुरी छ, त्यस्ता व्यक्ति वा संस्थालाई आफ्नो समाजको क्षमताले भ्याएसम्म सहयोग गर्ने संस्थाको उदेश्य रहेको पनि अध्यक्ष प्रधानले जानकारी दिए।

यस्तै महासचिव श्रेष्ठले पनि सामाजिक उत्तरदायित्वका भावनाले अमृतसार संस्थालाई सहयोग गरेको जानकारी दिए। मर्दा पर्दा नेवाः समाज भन्ने सामाजिक सेवाको उद्देश्य राखेर समाज क्रियाशील रहेको भन्दै महासचिव श्रेष्ठले आगामी दिनमा पनि क्षमता अनुसार गर्ने कामलाई निरन्तरता दिने बताए।

त्यस अवसरमा अमृतसार सामाजिक संस्थाका तर्फबाट अभियन्ता आशा लामा, सुमित्रा बस्नेत, कल्पना थापा, कला गुरूङ, मनमाया राई, सपना गुरूङ, आशाप्यारी लक्ष्मी गन्दर्व, निरकुमार बुढाथोकी, मिनराज गौतम, कौशिला पुन र तारा श्रेष्ठ समाजका सल्लाहकार तथा मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठसहित समाजको कार्यसमिति सदस्यहरू चन्द्र कुमार श्रेष्ठ, अमित कुमार श्रेष्ठ, कृष्ण भक्त श्रेष्ठलगायतको उपस्थिति रहेको थियो। नेवा समाजले यसअघि बालुवाटारमा रहेको शिवपुरी माध्यमिक (प्राविधिक) विद्यालयमा अध्ययनरत एक छात्रालाई एक बर्षको शैक्षिक शुल्कसहित पाठ्यपुस्तक र शैक्षिक सामग्री प्रदान गरेको थियो।

**Invitation for Bids**

**Soru Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Jima, Mugu**
**Date of publication: BS 2080-12-09 (2024/03/22)**

1. The Soru Rural Municipality invites electronic bids from eligible bidders (suppliers or authorized dealer) for the procurement of supply, delivery and unloading of construction materials for Road construction works at Sorukot Bazar of Soru Rural Municipality, Mugu under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Soru Rural municipality, Jima, Mugu, Email : ito.sorumun@gmail.com, Website : http://info@sorumun.gov.np, Phone Number +977—087460081, 9858322512, 9851349067
3. Bidder has to submit their bid electronically only from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Rastriya Banijaya Bank, Jima, Mugu.
   Name of Office : Soru Rural Municipality,
   Office Code no. :……………..
   Office Aantarik Rajaswa Account no. : 4510100301010002 Rajaswa (revenue
   Office Account no. : 4510100303000002 (Dharauti Khata)
   Dharauti Shirshak no. : …………………………
4. Pre-bid meeting shall not be held.
5. Electronic bids must be submitted to the office of Soru Rural Municipality, Mugu through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12 noon on 2024/04/21. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2 PM on 2024/04/21 at the office of Soru Rural Municipality, Mugu. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in, amounting to a minimum of NRs. 142000 (in words : One Lakh Fourtytwo Thousand only) which shall be valid for 30 days beyond the validity period of the bid. i.e BS 2081-05-06 (22nd August 2024).
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. The name and identification of the contract are as follows:

| Description of Work | Estimated Amount, NRs (With VAT) | Bid Security Amount (NRs.) | Bid validity period/Bid security period/ Bid security fee |
|---|---|---|---|
| Supply, delivery loading and unloading of construction materials for Road construction works at Sorukot Bazar of Soru Rural Municipality, Mugu (IFB No.: SRM/MUGU/NCB/GOODS/LISP/R7/2080-081 | Nrs. 5630331.11 | Nrs.142000 | 90/120/3000 |

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**
**Federal Project Implementation Unit (FPIU), Surkhet**

**Invitation For Bids (IFB)**

**IFB No: 05-080/081**
**First date of publication: - March 22, 2024 or 2080/12/09**

1. DUDBC-FPIU, Surkhet invites following electronic bid from eligible Nepalese Bidders under National Competitive Bidding.
2. The details of the projects are as follows;

| S.N. | Contract No. | Description of Work | Estimated Amt. (Without Vat) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | FPIU/Surkhet/Work/NCB/37/080-81 | Community Building Construction Works for Human Rights of Single Women at Bheri Municipality-04, Jajarkot District. | 44,91,826.66 | 1,35,000 | 3,000.00 |

3. Eligible Bidders may obtain further information from PPMO's website: www.bolpatra.gov.np/egp

**Project Chief**

# राष्ट्रिय भूमि आयोग खारेज



**काठमाडौं/मस–** सरकारले राष्ट्रिय भूमि आयोग खारेज गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय भूमि आयोग खारेज गर्ने निर्णय गरेको हो ।

सत्ता गठबन्धन फेरिएसँगै नयाँ आयोग गठन गर्ने सरकारले तयारी गरेको छ । ३० भदौ २०७८मा सरकारले कांग्रेससम्बद्ध नेपाल शिक्षक संघका पूर्व अध्यक्ष केशव निरौलाको अध्यक्षतामा आयोग गठन गरेको थियो ।

यस्तै सरकारले राष्ट्रिय योजना आयोगको रिक्त चार सदस्य पदमा प्राध्यापक संगीता सिंह, डा. कुशेन्द्रबहादुर महत, प्राध्यापक शिवराज अधिकारी र डा. अरनिकोकुमार पाण्डेलाई नियुक्त गरेको छ । मन्त्रिपरिषद् बैठकका निर्णय सुनाउँदै सरकारकी प्रवक्तासमेत रहेकी सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारले नेपाल प्रशासन सेवा सामूहिकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पदमा चुणामणि पौडेललाई बढुवा गर्ने निर्णय गरेको जानकारी दिइन् ।

यस्तै नेपाल र गणतन्त्र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पूरा भएको अवसरमा कोरियाली ७ जना र नेपाली ३ जना गरी १० जना पर्वतारोहीलाई सिन्धुपाल्चोक जिल्लामा अवस्थित जुगल १ र जुगल २ हिमाल आरोहण गर्दा लाग्ने सलामी दस्तुर मिनाहा गर्ने, नेपाल प्रशासन सेवा सामूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पदमा चुणामणि पौडेललाई बढुवा गर्ने सरकारले निर्णय गरेको छ ।

राष्ट्रिय योजना आयोगको रिक्त चार सदस्य पदमा प्राध्यापक संगीता सिंह, काठमाडौं, डा. कुशेन्द्रबहादुर महत, जुम्ला, प्राध्यापक शिवराज अधिकारी, पाल्पा र डा. अरनिकोकुमार पाण्डे, ललितपुरलाई नियुक्ति गर्ने सरकारले निर्णय गरेको छ ।

# ‘कानूनबमोजिम काम गर्ने व्यक्ति अख्तियारसँग डराउन पर्दैन’



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ८ चैत

अर्घाखाँचीको भूमिका स्थान नगरपालिकाका प्रमुख झबिलाल थापाले कानून बमोजिम गुणस्तरीय काम कारबाही गर्ने व्यक्ति अख्तियारसँग डराउन नपर्ने बताएका छन् ।

‘भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन’ विषयक पालिकास्तरीय अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले सुशासन कुनै पनि लोकतान्त्रिक मुलुकको सार्वजनिक प्रशासनको एक महत्वपूर्ण आधारस्तम्भ रहेको बताए ।

नगरप्रमुख थापाले सार्वजनिक पदमा रहने जो कोहीलाई पनि आफ्नो जिम्मेवारीप्रति उत्तरदायी, जवाफदेही तुल्याउने तथा शासन प्रणालीलाई जनमुखी, परिणाममुखी, सुदृढ, सक्षम, पारदर्शी, भ्रष्टाचार शून्य सहनशीलता, नागरिकका गुनासा सम्बोधन, निर्णय प्रक्रियामा जनसहभागिता र प्रतिस्पर्धी बनाउने पद्धति नै सुशासन भएको बताए ।

नगरप्रमुख थापाले नियम विपरित आर्थिक क्रियाकलाप गर्ने, जनतालाई अनावश्यक दुःख दिने, आर्थिक प्रलोभनमा नियम विपरितका काम गर्नेलाई कारबाही गर्न जरुरी रहेको बताउँदै नगरपालिकामा भएको कार्यक्रमले आफुहरुलाई थप हौसला बढेको बताए । थापाले उजुरी पर्दैमा डराइ हाल्नुपर्ने अवस्था नरहेकोले कानून बमोजिम काम गर्न कर्मचारीलाई आग्रह गरे । कार्यक्रममा नगरपालिकाका उपप्रमुख बालकृष्ण बन्जाडेले अख्तियारको एक्लो प्रयासले मात्र भ्रष्टाचार नियन्त्रण नहुने हुँदा भ्रष्टाचार रोक्न सबैको सहकार्य र समन्वय आवश्यक रहेको बताए । उनले पालिकाबाट आफुहरुले भ्रष्टाचार नियन्त्रण गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत खिमानन्द आचार्यले भ्रष्टाचारलाई कम गर्न र सुशासन प्रवर्द्धन गर्न सरोकारवालाले सक्रियता देखाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्ने काम, कर्तव्य , र अधिकार, सिमाको बारेमा अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय बुटवलका शाखा अधिकृत नवराज भण्डारीले प्रशिक्षण दिएका थिए । आयोग बुटवलका प्रमुख राजेन्द्र कुमार पौडेलको अध्यक्षताभएको कार्यक्रमको सञ्चालन नारायण प्रसाद न्यौपानेले गरेका थिए ।

कार्यक्रममा अख्तियार बुटबलका उपसचिव ईश्वरी प्रसाद आचार्य, नगरपालिका भित्रका शिक्षा, स्वास्थ्य, उपभोक्त समुहका झण्डै १ सय जनाको सहभागीता रहेको थियो। कार्यक्रममा अख्तियार रुपन्देहीका प्रमुख राजेन्द्रप्रसाद पौडेलले गलत नियतले कार्य गरी सार्वजनिक सम्पत्ति हानी नोक्सानी गर्नेलाई कारबाही गर्ने चेतावनी दिए । उनले असल नियतले काम गरेको खण्डमा समान्य गल्तीहरुलाई सक्षम हुने बताउँदै संविधान र ऐनले तोकिएको जिम्मेवारी पूरा गर्न अख्तियार लागि परेको बताए ।

## लहानमा स्रोत नखुलेको १० लाख रुपैयाँसहित एक जना पक्राउ

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, ८ चैत

सिरहाको लहानबाट स्रोत नखुलेको १० लाख रुपैयाँसहित एक जना पक्राउ परेका छन् । लहान गोलचोकबाट मुकेशकुमार शाहको साथबाट १० लाख रुपैयाँसहित प्रहरीले एक जनालाई पक्राउ गरेको हो । पक्राउ परेका शाहबाट थप अनुसन्धान भइ जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख सन्तोष आचार्यले जानकारी दिए ।

**मेडिकल सेन्टर बिक्रीमा**

**काठमाडौं उपत्यकामा सञ्चालनमा रहेको राम्रो आम्दानी भएको मेडिकल सेन्टर तुरुन्त बिक्रीमा भएकोले इच्छुक महानुभावहरूले सम्पर्क गर्नु होला ।**

**सम्पर्क: ९७६५४१४४३५**

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्मले चीनबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको ब्यवोहरा सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक /राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Scooter<br>Li Ha Moto TMN | Li Ha Moto | TMN | 1.4 KWH | CHINA | 1 | 1,44,653.3 | 1,44,653.3 | |
| 2. | Li Ha Moto ZZW | Li Ha Moto | ZZW | 3.2 KWH | CHINA | 1 | 1,96,231.7 | 1,96,231.7 | |

**विक्रेताः ONE Click Buy Pvt. Ltd.**
**लोकन्थली–०१, भक्तपुर**
**स्थायी लेखा नम्बर ६१९८०७९९७**
**फोन नं. ९८०७८७७७१८**







## Belaka Municipality
## Office of Municipal Executive

**Rampur, Udayapur**
**Koshi Province, Nepal**

### Letter of Intent to award the contract

**Date of Publication: 2080.12.09**

This is to notify all concern bidders that, it is our intention to award the contract for execution of following project to the following substantially responsive lowest evaluated bidder. Corresponding lowest evaluated substantially responsive Bid is selected in accordance with ITB 33 of bidding document and this notice is published as per PPA, 2063 clause 27.2.

| S.N. | Name of Project | Contract Identification No. | Name and address of successful Bidder | Bid Amount (with VAT and PS) |
|---|---|---|---|---|
| 1 | Upgrading work of Bhattarai chowk to Hattisude Road. | 9/BELAKA/ NCB/W/2080-081 | Royal Kasturi Construction, Thimi, Bhaktapur | 18,60,481.35 |
| 2 | Upgrading work of Dhakre barbote road. | 10/BELAKA/ NCB/W/2080-081 | B&B Nirman Sewa, Chadandigadhi-6, Udayapur | 23,38,971.38 |
| 3 | Upgrading work of Khayarbani Shikharmadi Road. | 11/BELAKA/ NCB/W/2080-081 | Royal Kasturi Construction, Thimi, Bhaktapur | 19,21,620.00 |

**Chief Administrative Officer**

## Chishankhugadhi Rural Municipality
## Office of the Rural Municipal Executive

**Serna, Okhaldhunga**

### Invitation of Bids

**First Date of Publication: 2080-12-09 (22nd Mar, 2024)**

Chishankhugadhi Rural Municipality, Office of Municipal Executive invites only electronic bids from eligible bidders for the following Works under both 1S1E NCB Procedures. For the further information please visit e-GP portal of Public Procurement Monitoring Office (PPMO) (www.bolpatra.gov.np/egp) or contact Chishankhugadhi Rural Municipality, Office of Rural Municipal Executive (www.chishankhugadhimun.gov.np).

| S. N. | Contract ID | Description of Work | Estimated amount (Without VAT and PS) NRs. | Bid Security Amount (NRs.) | Bid Document fee NRs. | Last Date of bid Submission |
|---|---|---|---|---|---|---|
| 1. | CRM/NCB/WORKS/ 06/080/81 | Construction of Birthing Center Mamkha-7. | 1,54,73,646.07 | 4,50,000.00 | 3,000.00 | 2081/01/09 BS (21st Apr, 2024) 12:00 noon |

**Chief Administrative Officer**



मध्यान्ह
www.madhyanhadaily.com
९ चैत २०८०, शुक्रबार
22 March 2024, Friday

सम्पादकीय

## कमजोर प्रणाली बलिया पात्र !

प्रमुख जिल्ला अधिकारी (प्रजिअ) लाई आमसञ्चार माध्यम नियन्त्रण गर्ने अधिकार दिनेगरी पठाइएको निर्देशन गृह मन्त्रालयले तत्काल सच्याएको छ । बिहीबार ७७ जिल्लाका प्रजिअलाई पठाइएको ६८ बुँदे निर्देशनमा आमसञ्चार माध्यमबारे संविधान बिपरीत प्रबन्ध राखिएको थियो । यदि उक्त निर्देशन सच्याइएको थिएन भने आमसञ्चार माध्यममा प्रकाशित/प्रशारित सामग्रीबारे प्रजिअले निर्णय गर्न सक्थे । जसका लागि जिल्ला प्रशासन र प्रहरी कार्यालयका अधिकारी रहनेगरी छुट्टै सयन्त्र बनाउन निर्देशन दिइएको थियो । यस्तो निर्देशनको चर्को विरोध भएपछि गृह मन्त्रालयले विहीबार साँझ गल्ती सच्याएको छ । सच्याइएको पत्रमा मस्यौदा पत्र नै सार्वजनिक भएको प्रष्टोक्ति दिइएको छ । निर्देशन सच्याइएपछि उक्त निर्देशन संभवतः कार्यान्वयनमा गएको छ ।

तर निर्देशन सच्याइए पनि नवनिर्वाचित गृहमन्त्री रवि लामिछाने र गृह प्रशासनको नियत भने सार्वजनिक भएको छ । यसअघिका अरू निर्णय र गतिविधिका पृष्ठभूमि हेर्दा पनि गृहमन्त्री लामिछाने सञ्चार माध्यम नियन्त्रणकै मनोविज्ञानमा रहेको अनुमान लगाउन सकिन्छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड त संविधान बिपरीत नागरिकको अधिकार संकुचित गर्ने यात्रामा पहिलेबाटै लागिपरेका छन् । राजधानी उपत्यकाका महत्वपूर्ण स्थानहरूको निषेधित क्षेत्रलाई निरन्तर बिस्तार गर्दै लैजाने, सामाजिक सञ्जाल कस्नेगरी निर्णय गरिनु, टिकटकमाथि प्रतिबन्ध लगाइनुले सरकार नागरिकको अधिकार खोस्ने यात्रामा रहेकै पुष्टि हुन्छ । जसलाई बल पुग्नेगरी बिहीबार गृह प्रशासनबाट आमसञ्चार माध्यमको सामग्रीबारे निर्णय लिने अधिकार प्रजिअलाई दिन खोजियो । तर चर्को आलोचना भएपछि गृह प्रशासन तत्काल पछाडि हटेको छ ।

प्रधानमन्त्रीको संविधान विरोधी अभियानलाई गृह प्रशासनले साथ दिनुमा नवनियुक्त मन्त्री लामिछानेको लोकप्रिय बन्ने चाहना समेत रहेको सहज अनुमान लगाउन सकिन्छ । किनकि गृहमन्त्री लामिछानेले लोकप्रियता कमाउने उद्देश्यले एकपछि अर्को निर्णय लिइरहेका छन् । मन्त्री लामिछानेको कदमलाई आम समर्थन रहेको समेत देखिन्छ । किनकि उनले गरेका कामहरूलाई सुशासनसँग जोडेर प्रचार गरिदैछ । त्यसक्रममा राज्य भन्दा पनि त्यसको नेतृत्व गर्ने व्यक्तिको सफलता भनेर प्रचार गरिदैछ । जबकी लोकतन्त्रमा प्रणाली महत्वपूर्ण विषय हो । प्रणालीलाई संस्थागत, पारदर्शी र विश्वासनीय बनाउँदा सुशासन स्थापित हुने हो । तर व्यक्तिलाई केन्द्रमा राखेर निर्णय गरिदा मुलुक अर्को समस्यातिर जाने भय देखिन्छ । जसको उदाहरण गृह मन्त्रालयको ६८ बुँदेले प्रष्ट पार्छ । किनकि यो ६८ बुँदेले मुलुकको सुशासनको अधिकार प्रजिअलाई दिन खोजिएको आभास हुन्छ । संविधानले भने संघीयता शासन प्रणाली बमोजिम स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको शृङ्खला तयार पारेको छ । तर सिंहदरबार र विभागीय नेतृत्व लामिछानेलाई शक्तिशाली देखाउनेगरी निर्देशन जारी गरिएको छ ।

# बजेट निर्माणमा समेट्नुपर्ने एजेन्डा

अग्रलेख



● नेत्र सुवेदी 'प्रयास'



सार्वजनिक क्षेत्रमा वित्तीय जवाफदेहीताको माध्यम मात्र होइन कि बजेट निर्माण आम सरोकारको विषय पनि हो । त्यसो त बजेट भनेको एउटा समग्र प्रक्रियाको छोटकरी नाम मात्र हो । संविधानमै व्यवस्था गरेअनुसार राजस्व र व्ययको अनुमान गर्ने र संसद्को संयुक्त बैठकमा अर्थमन्त्रीले पेस गर्नुभन्दा अगाडि लामो प्रक्रिया पूरा गरेर मात्र बजेट तयारी हुने गर्दछ । बजेट निर्माणका चरणहरू र वित्तीय उत्तरदायित्व बहन गर्ने क्रममा विभिन्न निकाय र पदाधिकारीलाई निर्धारण भएको जिम्मेवारीका साथै परियोजना तयारी र बजेटको अनुमान सम्बन्धमा खासगरी आयोजना व्यवस्थापन र बजेट चक्रमा हाल देखिएका सवालहरूमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट गत कात्तिकमा उपलब्ध गराइएको २२ बुँदे सुझावमा आधारित भएर यो आलेखमा चर्चा गरिएको छ ।

आय र व्ययको अनुमानको प्रारम्भ राष्ट्रिय योजना आयोगले तत्काल लागू रहेको आवधिक योजनाको आधारमा हरेक वर्ष आगामी आर्थिक वर्ष र त्यसपछिका दुई वर्ष गरी तीन वर्षको आय र व्ययको अनुमान समेट्ने मध्यकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्दछ । त्यस्तै, प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा तीन वर्ष अवधिको आम्दानी र खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार पारी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा बुझाउनुपर्दछ । यसरी मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आगामी तीन वर्ष अवधिको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना तथा कार्यक्रमको क्रियाकलापगत रूपमा प्रति इकाई लागत तथा सम्पन्न गर्न लाग्ने समयका साथै कार्यान्वयनबाट प्राप्त हुने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना तथा कार्यक्रमको प्राथमिकता समेत खुलाउनुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ ले गरेको छ ।

आयोजना व्यवस्थापनलाई व्यवस्थित, परिणाममुखी र अनुशासित बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियममा व्यवस्था भएका विषयलाई नै पहिलो बुँदाको सातवटा खण्डमा सुझाव समेटिइएको देखिन्छ । पहिलो, तिनै तहका सरकारले आयोजना बैंक, तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको प्रयोग गर्नुको साथै यिनलाई मन्त्रालयगत बजेट सूचना प्रणाली (संघ र प्रदेश) र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबीच अन्तरआवद्धता कायम गर्न भनिएको छ ।

दोस्रो, राष्ट्रिय योजना आयोगले निकायगत बजेट सिलिङ्ग उपलब्ध गराउनुपूर्व तत्तत् निकायसँग तयारी पूरा भएका आयोजनाको विवरण माग गरी जिम्मेवार पदाधिकारीलाई बोलाई चरणबद्धरूप छलफल गर्ने भनिएको र सो अनुसार यो वर्ष राष्ट्रिय योजना आयोगको टीमले काम गरिरहेको बुझिएको छ । तेस्रो, तीन तहले सञ्चालन गर्ने आयोजना वर्गीकरणको वस्तुगत मापदण्ड बनाई सो मापदण्डले तोकेअनुसारका प्रकृति र लागत सीमाभित्रका आयोजना मात्र आयोजना बैंकमा प्रविष्ट हुने र सो सीमाभित्र रही आयोजना बैंकमा प्रविष्ट नभएका आयोजनामा बजेट विनियोजन नहुने व्यवस्था गर्न भनिएको छ ।

चौथो, आयोजना बैंकमा प्रविष्ट गर्नुअघि आयोजनाको विस्तृत अध्ययन गराई आर्थिक, वित्तीय, प्राविधक र वातावरणीय दृष्टिले उपयुक्त देखिएका र जग्गा प्राप्ति, वन क्षेत्रको उपयोग, रुख कटान, आईई/इआईएका लागि कानुनी प्रकृया पूरा भएका आयोजना मात्र समावेश गर्नुपर्ने, पाँचौ, मन्त्रालय र निकायहरूले बजेट तर्जुमा गर्दा प्राप्त सिलिङ्गभित्र रही आयोजना बैंकबाट छनोट र प्राथमिकीकरण भई मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएका आयोजनाहरूमा मात्र प्राथमिकताका आधारमा बजेट प्रस्ताव गर्नुपर्ने र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा हुने बजेट छलफलमा मन्त्रालय र निकायको अधिकारप्राप्त अधिकारीबाट निर्णय गराएर मात्र मन्त्रालयगत बजेट सूचना प्रणालीमा अन्तिम प्रविष्ट गर्ने भनिएको छ । सातौं अर्थात् अन्तिम खण्डमा उल्लेखित प्रावधान विपरीत बजेट प्रकृया अगाडि वढाउनु भनेको कानुन विपरित हुने र त्यस्तो कार्यका लागि सम्बन्धित अधिकारी जिम्मेवार हुने हुँदा त्यस्तो कार्य नगर्ने, नगराउने भनी ध्यानाकर्षण गराइएको छ ।

अख्तियारले उपलव्ध गराएका बुँदा दुईदेखि २२ सम्म समेटेका सुझावहरूको संक्षेपीकृत विषयवस्तु र सन्देशका सम्बन्धमा उल्लेख गर्नुपर्दा आर्थिक वर्षको बीचमा कार्यकारी निर्णयबाट बजेटमा समावेश गरी कार्यान्वयनमा लैजानु संविधान र कानुनको मर्मविपरित हुने र अख्तियारको समेत दुरूपयोग हुने हुँदा तीनै तहले यस्तो प्रवृत्तिको अन्त्य गर्ने भनिएको छ भने समपूरक/विशेष अनुदानका आयोजना प्रस्ताव गर्दा आवश्यकता र औचित्य पुष्टी हुने गरी कानुनतः जिम्मेवार पदाधिकारीबाट निर्णय गरी आवश्यक कागजातसहित मात्र आयोजना बैंकमा प्रविष्ट गर्नुपर्ने र विवरण फरक पर्न गएमा प्रस्तावक, सिफारिसकर्ता र निर्णयकर्ता जिम्मेवार हुने बताइएको छ । त्यसैगरी बजेट तर्जुमाकै चरणमा पर्याप्त ध्यान पुर्याई रकमान्तर गर्नुपर्ने अवस्था आउन नदिने र सार्वजनिक स्रोतको उपयोगिता र प्रतिफलका दृष्टिले रकमान्तर गर्न औचित्यपूर्ण ठहर भएमा मात्र दोस्रो र तेस्रो चौमासिकमा मात्र गर्न सक्नेगरी मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने भनिएको छ ।

*बजेट राख्दा धेरै नै महत्वाकांक्षी हुने, तर स्रोत उपलब्ध नहुने सन्दर्भमा आयोजनाको तयारीसँगै बजेटको तयारी गर्ने र तीन तहका सरकारबीच सूचना आदानप्रदानलाई चुस्त बनाउँदै बजेट तयारी र कार्यान्वयनलाई प्राथमिकताको विषय एवम् सबैको चासो र सरोकारको विषय बनाउन आवश्यक देखिन्छ ।*

बहुवर्षीय आयोजना सम्बन्धमा वस्तुगत मापदण्ड बनाई प्रयोगमा ल्याउने र आवश्यकता र औचित्यका आधारमा मात्र बहुवर्षीय आयोजनामा स्रोत सहमति दिने व्यवस्था गर्न लेखिएको छ । स्वीकृत वार्षिक खरिद योजनाअनुसार समयमै खरिद गर्ने र खरिद सम्झौताबमोजिमको कामको गुणस्तर अनुगमन गरी कार्यसम्पन्न भएपश्चात् भुक्तानी दिनुपर्नेमा नयाँ आर्थिक वर्षमा दायित्व सार्ने कार्य कानुनविपरित हुने र सम्बन्धित अधिकारीले जिम्मेवारी लिनुपर्ने हुँदा कानुनको प्रतिकूल हुने गरी यस्तो कार्य नगर्ने, नगराउने भनिएको छ । त्यसैगरी संघ, प्रदेश र स्थानीय तहले बजेट तर्जुमा गर्दा आयोजना र कार्यक्रमको तल्लो सीमा कायम गरी बजेट तथा कार्यक्रम कार्यान्वयनमा अनुशासन कायम गर्ने सुझाव छ ।

योजना छनोट, बजेट तर्जुमा र कार्यान्वयनका हरेक चरणमा प्रशासनिक र राजनैतिक नेतृत्वले सामूहिक जिम्मेवारी र जवाफदेहिता निर्वाह गर्नुपर्ने विषय महत्वपूर्ण छ भने र सार्वजनिक खरिद कार्यको सूचना आह्वान गर्नुपूर्व अनिवार्यरूपमा निर्माणस्थल वा खरिद गर्न चाहेको सेवाको विषयमा तयारीको अवस्था यकिन गरेर मात्र खरिद कार्य प्रारम्भ गर्ने । यकिन गर्नका लागि आवश्यक परेमा सम्वन्धित विषयका विज्ञ/कर्मचारी खटाई निजले पेस गरेको प्रतिवेदनको आधारमा मात्र खरिद कार्य अगाडि बढाउने भनिएको छ । त्यस्तै, तीनै तहका सरकारले बजेट स्वीकृतिको चरणमा ठूलो रकम अवण्डामा राख्ने र बजेट कार्यान्वयनका चरणमा विना तयारीका र प्रतिफल वेगरका आयोजना प्रविष्ट गर्ने तथा वजेट छर्ने प्रवृत्तिलाई अन्त्य गर्ने भनिएको छ भने यो विषयका सम्बन्धमा उजुरी परेमा अख्तियारले गम्भीरतापूर्वक लिई अनुसन्धान गर्ने समेत भनिएको छ ।

तीनै तहका सरकारले नीति कार्यक्रम र वजेट तयार गर्दा दोहोरोपना नहुने गरी तयार गर्ने र कार्यान्वयनमा समन्वय र सहकार्य गर्दै विनियोजित स्रोतको कुशल परिचालन गर्ने सुझावका साथै बजेट तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगले उपलब्ध गराएको सिलिङ्ग र बजेट तर्जुमा दिग्दर्शन, प्रचलित कानुन र प्रस्तावित कार्यक्रमको औचित्य र उपलब्धिलाई समेत ध्यान दिई बजेट प्रस्ताव गर्ने, एक आर्थिक वर्षभन्दा बढी समय लाग्ने आयोजनाको हकमा बहुवर्षीय खरिद योजना र वार्षिक खरिद योजना बनाई आयोजना बैंकमा प्रविष्ट गरी सोहीअनुसार स्रोतको सुनिश्चित भएपश्चात मात्र खरिद कार्य अगाडि बढाउने भनिएको छ । यस विपरीत गरी राज्यलाई हानी नोक्सानी हुन गएमा अनुसन्धानको विषय हुने, बजेट कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गर्ने, खरिद चक्रका कार्य समयमै अगाडि बढाउने समेत सुझावमा परेको छ ।

मन्त्रालयस्तरको निर्णयबाट कार्यविधि बनाई कोष स्थापना गर्ने, संगठन संरचना र दरवन्दी थप गर्ने तथा स्थानीय तहमा योजना आयोग गठन गर्ने, कर्मचारी तथा पदाधिकारीको सेवा शर्त सुविधा तोक्ने, निजी सचिव र सल्लाहकार जस्ता पद सिर्जना गर्नेलगायतका सारभूत विषयहरू समावेश गरी व्ययभार थप्ने कार्य कानुनविपरित हुनुको साथै सार्वजनिक कोषको अपव्यय हुने हादा उक्त कार्य तत्काल रोक्ने भनिएको छ । राष्ट्रिय योजना आयोगको नेतृत्वमा सरकारको अधिकार क्षेत्र, आयोजनाको प्रकृति र लागतको आधारमा तीन तहबाट कार्यान्वयन हुने आयोजनाको वर्गीकरण गरी आयोजना कार्यान्वयनमा प्रभावकारिता वृद्धि गर्ने तथा राष्ट्रिय गौरवका र उच्च प्राथमिकतामा रहेका रणनीतिक आयोजनामा मात्र बहुवर्षीय स्वीकृति दिने गरी मापदण्ड तर्जुमा गर्ने विषय परेको छ । वहुवर्षीय आयोजना छनोट गर्दा नेपाल सरकारबाट स्वीकृत मापदण्डबमोजिम बाहेक नगर्ने र बहुवर्षीय आयोजनामा स्रोत सुनिश्चित गर्दा हालसम्म कार्यान्वयनमा रहेका आयोजनाको स्रोत व्यवस्थापनको निधो नगरी थप वहुवर्षीय आयोजनाको स्रोत सुनिश्चत नगर्ने भनिएको छ ।

त्यस्तै अर्थ मन्त्रालयले हालसम्म स्वीकृत दिएका तर कार्यप्रारम्भ नभएका बहुवर्षीय आयोजनाको पुनरावलोकन गरी जिल्लागत विवरण वेवसाइटमार्फत सार्वजनिक गरी सार्वजनिक स्रोतमा रहेको नागरिक चासो सम्बोधन गर्ने भनेर नागरिकको पक्षबाट समेत सुझावमा समेटिएको छ । त्यस्तै राष्ट्रिय गौरवका आयोजना, दीर्घकालीन महत्वका रणनीतिक आयोजना र क्रमागत आयोजना बाहेकका आयोजना नेपाल सरकारले कार्यान्वयन नगर्ने नीति लिने र ठेक्का व्यवस्थापनमा रहेका समस्या समाधान गर्न निश्चित समयसम्म ठेक्का नलगाएमा स्वतः अर्थ मन्त्रालयमा बजेट समर्पण हुने पद्धति विकास गर्ने । मोविलाइजेसन पेश्कीमा रहेको विकृति रोक्न यसको विधि र पद्धति कार्य सम्पादनमुखी बनाउने गरी सुधार गर्ने, तीनै तहका सरकारले लागतमैत्री, प्रतिफलयुक्त र लाभग्राहीको जीवनस्तर उकास्ने प्रकृतिको आयोजना/कार्यक्रम स्वीकृत मापदण्ड/निर्देशिका/कार्यविधिबमोजिम मात्र छनोट तथा कार्यान्वयन गर्ने विषय समेत परेको छ ।

अत्यधिक संख्या र लागतका आयोजना/कार्यक्रममा स्रोत सुनिश्चितता दिँदा राज्यलाई दीर्घकालीन रूपमा असिमित दायित्व सिर्जना हुने हुँदा त्यस्तो स्रोत सुनिश्चितको निश्चित सीमा तोक्नुपर्ने विषय आयोगको सुझावमा परेको छ । मन्त्रालय र केन्द्रीय निकायका साथै प्रदेश सरकार र स्थानीय तहलाई समेत वित्तीय सुशासन कायम गर्न यी सुझावहरूको हुबहु कार्यान्वयन र पालना सहयोगी हुने देखिन्छ । योबाहेक पनि बजेट कार्यान्वयनको अनुगमन तथा मूल्यांकनको काम सम्बन्धित मन्त्रालय तथा निकायका सचिवले मासिकरूपमा गरी प्रतिवेदन गर्नुपर्ने र मन्त्रीले हरेक तीन महिनामा अनुगमन मूल्यांकन गरी कुनै समस्या भए समाधानको पहल गर्नुपर्ने कानुनी व्यवस्था रहेबाट अनुगमन मूल्यांकनको कार्यलाई महत्वका साथ हेर्नुपर्ने देखिन्छ ।

बजेट आफैँमा सार्वजनिक सम्पत्ति हो । कुन मन्त्रालयले के-कस्तो बजेट कार्यान्वयनमा ल्याएको छ र कार्यान्वयनको कुन चरणमा छ भन्ने विषय मिडिया एवम् सर्वसाधारण नागरिकले समेत जानकारी पाउने हक राख्दछन् । बजेट राख्दा धेरै नै महत्वाकांक्षी हुने तर, स्रोत उपलब्ध नहुने सन्दर्भमा आयोजनाको तयारीसँगै बजेटको तयारी गर्ने र तीन तहका सरकारबीच सूचना आदानप्रदानलाई चुस्त बनाउँदै बजेट तयारी र कार्यान्वयनलाई प्राथमिकताको विषय एवम् सबैको चासो र सरोकारको विषय बनाउन आवश्यक देखिन्छ । अब बन्ने बजेटमा यसअघि रहे भएका जथाभावीपन नदोहोरिने अपेक्षा गरौँ ।



- सुर्यराज आचार्य

वैदेशिक सहयोग अनुदान भए लिने ऋण नलिने भन्ने नीति सही होइन । मूल कुरा सहयोग र आयोजनाको औचित्य हुनुपर्छ । औचित्यपूर्ण छैन भने अनुदान भए पनि लिनु हुँदैन । सित्तैमा पाइयो भन्दैमा काठमाडौं बालुवाटारको घर-कम्पाउण्डमा कसैले हात्ती पाल्ला र ? बिआरआइलगायत सबै वैदेशिक सहयोगमा यो कुरा लागु हुन्छ ।



- सरोज पोखरेल

नेता, कर्मचारी, पत्रकार, ठेकेदार, व्यापारी कोही छ यहाँ त्यस्तो जसले बेइमानी नगरी पैसा कमाएको होस् ! तसर्थ, दुई/चार करोडमा बबाल गर्ने कि विभिन्न बहानाका निरीह जनता एवम् गरीब राष्ट्रको अरबौं अरब हजम गर्ने हरामहरूको निद हराम गर्ने ? काण्डेहरूलाई बचाउन हतकण्डा नगरौं बरु जति सक्दो चाँडो हतकडी लगाऊ !



- विष्णु ढकाल

मुलुकका प्रायः सबै नेताहरूले बाचुन्जेल राजनीति गर्नुपर्ने बाध्यता भएको छ । यो कोलमा खुट्टो हाले जस्तै भयो पेलिनु बाहेक उपाय छैन । कति काण्ड आफैले गरेका छन्, कतिपय कार्यकर्ता नातागोता रिझाउन गरेका अनियमितता भ्रष्टाचारले सत्ता, शक्ति बाहिर हुनासाथ खतराको घण्टी बज्न थाल्छ के गर्ने !



- चन्द्र श्रेष्ठ

मुलुक हाक्ने नेता-नेतृत्वका गाइजात्रे पारादेखि सेवा-सुविधामा खटिएका कर्मचारीहरूबाट भएको ढिलासुस्ती सगै महँगो स्वास्थ्य प्रणाली, शिक्षामा असमानता एवम् महँगीको मारकै कारण युवा पुस्ताले विदेश पलायनको बाटो तिव्र गति लिँदै गर्दा मति भ्रष्ट नेता-नेतृत्वहरूले चाहिँ अरुमा मात्रै दाग देखे ।

# सभ्यता संरक्षणको सवाल

विचार



● रत्नप्रसाद अनामणी

*हाम्रा सभ्यता झल्काउने कलाकारहरू आफ्ना कथा व्यथाहरूसँग बिलिन भइसके । बचेखुचेकाहरू पनि बिलिन हुने क्रममा छन् । कुशल सीपहरू एकपुस्ताबाट अर्कोपुस्तालाई हस्तान्तरण गर्दै र ती कलाकृतिको सही अर्थमा गहन अध्ययन अनुसन्धान तथा सर्वाधिक हितको लागि प्रचारप्रसार र कलाको मर्म बुझ्नु आम नेपालीको कर्तव्य हुन आउँछ ।*

हाम्रा प्राचीन मन्दिरहरूमा हामीले गहिरिएर हेर्ने हो भने निकै सुन्दर कलात्मक अभिव्यक्तिहरू प्रशस्त पाउँछौ । ती अभिव्यक्तिहरूलाई पाएसम्म आकर्षक, ओजस्वी, अर्थपूर्ण एवम् दार्शनिक गहनता भरिपूर्ण बनाउन हाम्रा हाम्रा बास्तुविद्हरू निपुण छन् । ती अभिव्यक्तिहरू धातु, काष्ठ, ढुंगा आदिमा कोरेर आफ्ना सीपको गहिरो आध्यात्मिक दर्शन युगौंसम्म रहने गरी अभिव्यक्त गरिएका हुन्छन् । ती कलाकारले जति पनि कलाकृति खोपेका हुन्छन्, तिनमा आफ्नैपनको मौलिकता रहनुको साथै थुप्रै विशेषताहरू पनि रहेका हुन्छन् ।

यसै सन्दर्भमा नाला भगवती मन्दिरको छानाको कुनाहरूमा छानामुनि सबभन्दा बोझिलो भार उठाएर आफ्नो पुरुषार्थ देखाइरहेका 'कूँ सल'लाई लिन सक्छौं । 'कूँ सल' नेवारी शब्द हो । यसको अर्थ 'कुनाको घोडा' भन्ने बुझिन्छ अर्थात् मन्दिरको छानाको बोझिलो भाग उठाउने सर्वशक्तिमान कुना घोडा । यो एउटा काल्पनिक जन्तु हो । यसलाई नेपाली भाषामा सिंहशार्दूल पनि भन्ने गरिन्छ ।

साँच्चिकै भने हो भने नेपालमा सिंहशार्दूल नभएको मन्दिरै छैन भने पनि हुन्छ । त्यसैले नेपाली बास्तुकलामा यसले एउटा महत्वपूर्ण स्थान ओगटेको छ । यस्ता सिंहशार्दूल भएका हेर्न लायक मन्दिरहरू मध्ये काभ्रे जिल्लाको उग्रचण्डी गाविस नालामा रहेको नेपालका चार प्रसिद्ध भगवती मध्ये एक उग्रचण्डी भगवतीको मन्दिरलाई लिन सक्छौं । यस मन्दिरको पहिलो तल्लाको छानाको मुनि चारवटा कुनाको टुँडालहरूमा अवर्णनीय कलात्मक सिंहशार्दूलहरू रहेका छन् । ती चार सिंहशार्दूलहरू मध्ये दुई वटा भाले र दुईवटा पोथी रहेका छन् । यो जन्तु हेर्दैमा ज्यादै सुन्दर कलात्मक सजीवताले भरिपूर्ण भए तापनि कलाकारले यस जन्तुमा तीनवटा जनावरहरू घोडा, सिंह र बोका एउटै जन्तुमा गाभेर नेपाली बास्तुकलालाई निकै तिखारेको देखिन्छ ।

यसको अनुहार र शरीरको बनोट धेरैजसो घोडासँग मिल्दोजुल्दो छ भने खुट्टाहरू सिंहसँग र सिंग, आँखा चाहिँ एकदम मताहा बोकाको जस्तो देखिन्छ । यस जन्तुको चारै खुट्टामा पखेटाहरू छन् जसको प्रतिक बायुवेगयुक्त भन्ने हुन्छ । भाले सिंहशार्दूलहरूको यौन चिन्हबाट अन्दाज गर्न सकिन्छ कि यो बडो पुरुषार्थशाली देखिन्छ किनभने त्यस यौन अंगमा साना साना बाँदरहरू अंगालो हालेर बस्दापनि कुनै हलचल भएको देखिदैंन । यसबाट उसको बलवीर्यको अन्दाज हुन्छ । यसको टनक्क परेको सुडौल र सशक्त शरीर देख्ने बित्तिकै यो जन्तुमा अलौकिक शक्ति र सामर्थ्य रहेको प्रतीक हुन्छ । हाम्रा मन्दिरहरूमा रहेका कलाहरूमा प्रतीकको विशेष स्थान छ । यो हुनुमा आध्यात्मिक र दार्शनिक पक्ष गहन हुनु नै हो ।

यस सिंहशार्दूलबारे हाम्रा संस्कृतिका अग्रज ध्रुबकृष्ण 'दीप'को निचोडअनुसार यी जन्तुहरू मन्दिरहरूमा बलको प्रतीकको रूपमा मात्र रहेका छैनन्, मन्दिरका दिक्पालको रूपमा पनि रहेका छन् । मन्दिरलाई सम्हाल्ने र यसको समुचित संरक्षण गर्ने अभिप्रायको अभिव्यक्ति यिनीहरूको मुखाकृति र यिनीहरू उभिरहेको मुद्राबाट पनि स्पष्ट हुन्छ । प्रत्येक टुँडालको काम छानाको भारलाई सम्हाल्ने हुन्छ र त्यसकारण टुँडालको काठ बलियो हुनुपर्छ तर एउटा भावुक र प्रतिभाशाली कलाकारलाई त्यो टुँडालको काठ बलियो हुनुले मात्र चित्त बुझेन । अतः उनले त्यो बलियो टुँडालको काठमाथि एक असाधारण अलौकिक बल जन्तुको पनि सिर्जना गरे । कलाकारले सिर्जेको त्यो जन्तुलाई झट्ट हेर्दा त्यो जन्तु केवल काल्पनिक हो भन्ने लाग्दछ । तर त्यस्तो जन्तु हुनै सक्दैन भनेर अविश्वास गर्न कठिन पर्छ नै ।

जे होस् हाम्रा सभ्यता झल्काउने कलाकारहरू आफ्ना कथा व्यथाहरूसँग बिलिन भइसके । बचेखुचेकाहरू पनि बिलिन हुने क्रममा छन् । यस्ता कलाधर्मीहरूलाई हामीले बचाईराख्नु नितान्त आवश्यक देखिन्छ । यी कुशल सीपहरू एकपुस्ताबाट अर्कोपुस्तालाई हस्तान्तरण गर्दै र ती कलाकृतिको सही अर्थमा गहन अध्ययन अनुसन्धान तथा सार्वाधिक हितको लागि प्रचारप्रसार र कलाको मर्म बुझ्नु आम नेपालीको कर्तव्य हुन आउँछ । यदि हामी समयमा ब्यूँझिएनौ भने पक्कै पनि यसले राम्रो संकेत गरेको देखिदैंन ।

## तपाईंको राशिफल

- मेष : लापरवाहीले गर्दा अशान्ति र रुकावटको योग छ ।
- वृष : व्यवसायमा सामान्य प्रगति हुनेछ । सन्तुलित आहार लिनुपर्छ ।
- मिथुन : सामाजिक प्रभाव बढ्नेछ । दैनिक आम्दानी राम्रो हुनेछ ।
- कर्कट : नयाँ काम सफल हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।
- सिंह : आत्मबल बढ्दै जानेछ । आयको नौलो स्रोत बन्नेछ ।
- कन्या : अनावश्यक विवाद हुने योग छ । बढी व्यस्तता रहन्छ ।
- तुला : आकस्मिक धनलाभको योग छ । प्रियजनसँग भेट हुनेछ ।
- वृश्चिक : साथीभाइबीच सम्बन्ध राम्रो भइरहनेछ । बाहिरी सहयोग प्राप्त हुनेछ ।
- धनु : जनसम्पर्क बढ्ने योग छ । पराक्रममा वृद्धि हुनेछ ।
- मकर : सबै कार्यहरूमा सावधानी राख्नुपर्छ । प्रसन्नतामा वृद्धि हुनेछ ।
- कुम्भ : अनावश्यक कामना गर्नु हुँदैन । विवादको योग छ ।
- मीन : स्वास्थ्य राम्रो रहनेछ । पारिवारिक सहयोगमा वृद्धि हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# अनधिकृतरुपमा सम्पत्ति आर्जन गरेकाे अभियाेगमा मुद्दा दायर

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गैरकानुनीरुपमा सम्पत्ति आर्जन गरेको अभियोगमा काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय काठमाडौंका शाखा अधिकृत यामकुमार कार्कीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । बागमती नगर जग्गा एकीकरण आयोजनाको कार्यालय बौद्ध तथा अतिरिक्त जिम्मेवारीका रुपमा कागेश्वरी, गोकर्णेश्वर तथा शंकरापुर नगरपालिकाद्वारा सञ्चालित पूर्वी काठमाडौं नयाँ शहरी विकास आयोजनामा कार्यरत शाखा अधिकृत कार्कीले गैरकानूनीरुपमा सम्पत्ति आर्जन गरेको पाइएको आयोगले जनाएको छ ।



आयोगका अनुसार, कार्की विसं २०५८ साउन १६ गते सार्वजनिक सेवामा प्रवेश गरेका थिए । आयोगले विसं २०७९ चैत ३० गतेसम्मको सम्पत्तिका बारेमा अनुसन्धान गरेको छ। सो अवधिमा कार्कीको कूल आम्दानी रू तीन करोड ७७ लाख १३ हजार छ सय ४६ बराबर छ। यस्तै सो अवधिमा शाखा अधिकृत कार्कीले रू छ करोड ९८ लाख ४६ हजार छ सय तीन बराबर खर्च गरेको पाइएको छ ।

आम्दानीभन्दा खर्चको मात्रा बढी भएको र त्यसको स्रोत खुलाउन नसकेको पाइएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए। उनका अनुसार आयोगले तीन करोड २१ लाख ३२ हजार नौ सय ५६ रुपैयाँ बराबरको रकमको स्रोत खुलाउन नसकेको ठहर गरेको छ । आयोगले शाखा अधिकृत कार्कीको श्रीमती देवका अधिकारीको नाममा राखेको सम्पत्ति समेत जफत गर्ने माग दाबी गर्दै बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको प्रवक्ता घिमिरेले जानकारी दिए ।


## साउदीमा रोजगार | कम्पनी: LAVA CAKE COMPANY LTD

शहर: Saudi Arabia

पुर्व स्वीकृत मिति:२०८०/१२/०७ चलानी नं. ६०२१६९८३ LT. No.: 301238

| सि. नं. | कामदारको पद | पुरूष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sweet Maker | 1 | 0 | | 1700 | ६०,१८० | | | | | | | |
| 3. | Sweet Baker | 1 | 0 | | 1700 | ६०,१८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत १६ गते (29 March 2024) मा हुनेछ ।

